




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १ गते मंगलबार ❑ 15 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## एमसिसी राष्ट्रको हितमा छ, भ्रम छर्ने काम नगरौँ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ३० फागुन**

प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी अनुदान सहयोगको कार्यक्रम (मिलेनियम च्यालेन्ज कर्पोरेसन) एमसिसी राष्ट्रको हितमा भएको बताउनुभएको छ।

नुवाकोटको किस्पाङ गाउँपालिकाको नयाँ प्रशासकीय भवनको आज उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले एमसिसी सम्झौता नेकपा (एमाले) नेतृत्वको सरकारले संसद्बाट पारित गर्न पेस गरेकाले अहिले त्यसैलाई अघि बढाएको बताउनुभयो । "एमसिसीलाई एमालेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र रक्षामन्त्री भीम रावलले मन्त्रिपरिषद्को सिफारिसमा संसद्बाट पास गराउन पेस गर्नुभएको हो", प्रधानमन्त्री देउवाले सांसद भीम रावलप्रति टिप्पणी गर्दै भन्नुभयो, "एमसिसी राष्ट्रघाती भन्दै हिँड्ने उहाँ (रावल) रक्षामन्त्री हुँदा अनुमोदनका लागि संसद्मा लैजान हस्ताक्षर गर्ने अनि अहिले विरोध गर्दै हिँड्नेले त्यो समयमा किन राजीनामा नदिएको ?"

सरकारमा हुँदा एमसिसी चाहिन्छ भनेर संसद्बाट पास गर्नुपर्छ भनेर लाग्नेहरु अहिले सत्ताबाट बाहिर हुँदा विरोध गरेर दोहोरो चरित्र नदेखाउन प्रधानमन्त्री देउवाले आग्रह गर्नुभयो । उहाँले एमसिसी नेपालको विकासका लागि निःशुल्क प्राप्त भएको अनुदान भएकाले ऋण जतिपनि लिनुपर्ने, यस (एमसिसी)को त ब्याजसमेत तिर्नु नपर्ने भएकाले यो राष्ट्रको हितमा छ, अहित केही पनि गर्दैन भन्नुभयो । कार्यान्वयमा केही आशङ्का देखाइएको छ भन्दै प्रधानमन्त्री देउवाले अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेर नेपालको कानूनअनुसार सञ्चालन हुने हुँदा अफवाह फैलाउनेको पछि नलाग्न आग्रह गर्नुभयो । "एमसिसी कार्यक्रमअन्तर्गत निर्माण गरिने प्रसारण लाइनबाट बम आउँछ भन्नेदेखि पशुपतिमा समेत अमेरिकी सेना भित्रिन्छ भनेर भ्रम छरेर केही हुन्न", प्रधानमन्त्री देउवाले भन्नुभयो, "देशको विकासका लागि यसले फाइदा पुग्छ, रोजगारी सिर्जना हुन्छ, प्रतिस्पर्धामा यहीँका निर्माण व्यवसायीले नै बनाउने जिम्मा लिन पाउँछन् ।" नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले स्थानीय तहको निर्वाचन नजिक आइसकेकाले त्यसलाई भयरहित वातावरणमा निष्पक्षरूपमा गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेसका कार्यसम्पादन समितिका सदस्य अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, केन्द्रीय सदस्य बहादुरसिंह लामा (तामाङ) नेकपा (एमाले)का केन्द्रीय सदस्य बिन्दा ढुङ्गाना, नेकपा (माओवादी केन्द्र)का प्रदेशसभा सदस्य हिरानाथ खतिवडालगायतका वक्ताहरुले नयाँ भवनको निर्माणले किस्पाङ गाउँपालिकाले प्रवाह गर्ने सेवामा थप गुणस्तरसहित जनतालाई सहजता पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

## दक्षिण एसियाली सम्मेलन काठमाडौँ हुँदै

**रासस**
**काठमाडौं, ३० फागुन**

महिलाहिंसाविरुद्धको आवाजलाई विश्वव्यापीरूपमा उठाउँदै हिंसा अन्त्यका लागि ऐक्यबद्धता जनाउन दुईदिने दक्षिण एसियाली सम्मेलन हुने भएको छ।

काठमाडौँमा सोमबारदेखि सुरु हुन लागेको उक्त सम्मेलनमा महिला हिंसाका विविध पाटोलाई उजागर गर्दै हिंसापीडितको न्यायमा पहुँच कसरी पुऱ्याउन सकिन्छ भन्नेमा जोड दिइने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले बालिका, किशोरी, अपाङ्गता भएका महिला, यौनिक अल्पसङ्ख्यक, सिमान्तकृतलगायत समुदायका महिला बढी हिंसा प्रभावित हुने गरेको बताउनुभयो ।

उहाँले विगतको तुलनामा अहिले विश्वव्यापीरूपमा हिंसा बढ्नुका साथै तीनको स्वरुप पनि परिवर्तन भइरहेको बताउँदै अहिले डिजिटल प्रविधिको हिंसा, लिभिङ टुगेदर, मनोरञ्जन क्षेत्रमा काम गर्नेको पीडालगायत हिंसाको सम्बोधन हुन नसकेको विचार व्यक्त गर्नुभयो । लैङ्गीक हिसाबले भ्रुण हत्यादेखि धर्तीमा वृद्ध हजुर आमामाथि हुने हिंसालाई केलाएर सम्बोधन गरिनुपर्ने र हिंसा प्रभावितलाई न्यायमा पहुँच दिलाउनु सम्मेलनको मुख्य उद्देश्य रहेको अध्यक्ष पराजुलीको भनाइ थियो । राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य लिली थापाले महिला हिंसा भनेको मानव अधिकारको हनन् भएकाले यस्ता हिंसालाई अन्तर्राष्ट्रियरूपमै कसरी सम्बोधन र न्यूनीकरण गर्न सकिन्छ भन्ने विषय सम्मेलनमा उठाइने बताउनुभयो । राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला गैरसरकारी संस्था महासङ्घ(डब्लुएनएफ) र 'एभ्री वुमन' नामक संस्थाको संयुक्त आयोजनामा हुन लागेको दुईदिने सम्मेलनले महिला हिंसा अन्त्यका लागि सिडले गर्न नसकेको व्यवस्थालाई एक महिला महासन्धिमार्फत सम्बोधन गर्नका लागि सम्बन्धित देशका सरकारलाई घच्घचाउने काम पनि सम्मलेनमार्फत गरिने डब्लुएनएफकी अध्यक्ष शशि अधिकारले बताउनुभयो ।

## स्याङ्जाका दुई नगर उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**वालिङ, ३० फागुन**

स्याङ्जाका दुई नगरपालिका उत्कृष्ट घोषित भएका छन् । नेपाल नगरपालिका सङ्घको २९औँ वार्षिकोत्सवका अवसरमा काठमाडौँमा स्याङ्जाका दुईसहित सात नगरपालिकालाई पुरस्कृत गरिएको छ।

नगरपालिका सङ्घले विभिन्न सूचकलाई आधार मानेर गरेको मूल्याङ्कनका आधारमा वालिङ र पुतलीबजार नगरपालिकालाई आर्थिक वर्ष २०७७/७८ मा संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासनका क्षेत्रमा उल्लेख्य कार्य गरेकाले 'उत्कृष्ट नगरपालिका पुरस्कार २०७८'बाट पुरस्कृत गरिएको हो ।

वालिङ नगरपालिका उत्कृष्ट घोषित भएसँगै नगर प्रमुख दिलीपप्रताप खाँणले आगामी दिनमा काम गर्नका लागि थप ऊर्जा तथा प्रेरणा मिलेको बताउनुभयो । वालिङ नगरपालिका पुरस्कृत हुँदै गर्दा यहाँका नागरिकको सहयोगी भूमिका महत्वपूर्ण रहेको नगर प्रमुख खाँणको भनाइ छ । गतवर्ष पनि नेपाल नगरपालिका सङ्घको २८औँ वार्षिकोत्सवका अवसरमा वालिङ नगरपालिलाई सहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलतामा देशकै उत्कृष्ट नगर घोषित भएको थियो । त्यस्तै नेपाल नगरपालिका सङ्घकै २३औँ स्थापना दिवसका अवसरमा २१७ नगरपालिकामध्ये वालिङ नगरपालिका सर्वोत्कृष्ट भई पुरस्कारसमेत प्राप्त गरिसकेको छ । नगरपालिकाले उत्कृष्ट सेवा प्रवाह, सहरी योजना, सुशासन, फोहरमैला व्यवस्थापन लगायतका विषयवस्तुलाई मूल्याङ्कन गर्दै वालिङ सर्वोत्कृष्ट बन्न सफल भएको थियो ।

यसअघि सङ्घीय तथा स्थानीय विकास मन्त्रालयले २०७४ सालमा देशभरका पालिकामध्ये सर्वोत्कृष्ट सफा नगरका रूपमा वालिङलाई पुरस्कृत गरेको थियो ।

सहरी योजना, विपद् व्यवस्थापनमा धादिङको नीलकण्ठ नगरपालिका, वातावरण तथा उत्थानशीलतामा इलामको इलाम नगरपालिका, स्थानीय आर्थिक विकासमा सर्लाहीको हरिवन नगरपालिका, सामाजिक विकासमा रुपन्देहीको तिलोत्तममा नगरपालिका र चितवनको राप्ती नगरपालिका गरी पाँच विधामा सात नगरपालिकालाई उत्कृष्ट घोषित गरिएको नेपाल नगरपालिका सङ्घले जनाएको छ ।

## लेखनाथ महोत्सवको पाँचौ दिनसम्म दर्शक ८० हजार

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**



लेखनाथमा जारी १७ औं संस्करणको लेखनाथ महोत्सवमा सोमबारसम्म दुई करोड १५ लाखको कारोबार भएको छ।

महोत्सवमा अहिलेसम्म ८० हजार दर्शकले अवलोकन गरेको प्रचार प्रसार उपसमितिका संयोजक गोपीचन्द्र बास्तोलाले जानकारी दिए।

महोत्सवमा अहिलेसम्म एक सय ७० जनाले कोरोना बिरुद्धको भ्याक्सिन समेत लगाएका छन् भने स्वास्थ्य सुरक्षाका लागि आयोजकले एक टिकटमा एक माक्स समेत उपलब्ध गराएका छन् । सोमबार विद्यालयस्तरिय कार्यक्रम, रत्यौली गीत, जनजातीको पहिचान सहितको नृत्यहरु राखिएको थियो । गायनतर्फ पूर्णकला वि.सी र चन्द्र शर्मा लगायतका कलाकारले दर्शकहरुलाई मनोरञ्जन दिलाएका थिए।

मंगलबार चर्चित गायक पशुपति शर्मा, सन्दिप सिंह राना, सरस्वती लामिछाने लगायतको प्रस्तुती रहने आयोजकले जानकारी दिएका छन् ।

यही फागुन २६ देखी जारी महोत्सव चैत ७ गतेसम्म संचालन हुनेछ । महोत्सवमा स्वदेशी तथा विदेशी उत्पादन कम्पनीका विभिन्न बस्तु तथा सेवाहरुका तीन सय भन्दा बढी स्टलहरु राखिएका छन् ।

## अन्नपूर्ण केवलकार अब बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म संचालन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा ३० फागुन**



पोखराको नयाँ प्रोडक्टको रुपमा थपिएको अन्नपूर्ण केवलकार मंगलबारबाट बिहान ५ बजेदेखि सेवा सञ्चालनमा ल्याउने भएको छ।

पोखरा महानगरपालिका-१८ को सेदी बगरमा निर्माण भएको अन्नपूर्ण केवलकार चैत्र १ गतेबाट बिहान ५ बजेदेखि सांझ ६ बजेसम्म संचालनमा ल्याउन लागेको केवलकारका महाप्रबन्धक दिनेश पौड्यालले बताए।बिहानी सेवा संचालनसंगै पर्यर्टकहरुले बिहानको सूर्योदयको दर्शन तथा सांझ सूर्यास्तको अवलोकन गर्न सकिने कम्पनीले एटुजेडलाई जनाएको छ।

गत फागुन ६ गतेबाट नै सञ्चालनमा आएको अन्नपूर्ण केबलकारको दुरी सेदीबगरदेखि सराङकोटसम्म दुई हजार ४०० मिटर रहेको छभने सेदीबगरदेखि सराङकोटसम्म लामो समय लाग्ने सडक यात्रालाई केवल नौ देखि १०मिनेट भित्रमा नै पार गर्न सकिने बनाएको छ ।१७ वटा गोन्डोला रहेको र एउटा गोन्डोलामा आठ जना सम्म बसेर सयर गर्न सकिनुका साथै एक घण्टामा ५ सय जनासम्मले यात्रा गर्न सकिने बताईएको छ । कम्पनीले नेपालीका लागि रु ७ सय, सार्क राष्ट्रका पर्यटकका लागि रु ८ सय र तेस्रो मुलुकका नागरिकका लागि नौ डलर भाडादर तयगरेको छ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि भने भाडामा ५० प्रतिशत छुटको व्यवस्था गरेको छ । यसैगरी विधार्थीकालागि २५ प्रतिशत सहुलियतका साथै सहकारीबाट भमणमा आउने सदस्यहरुलाई १० प्रतिशत छुटको व्यवस्था गरेको कम्पनीले जनाएको छ।

पोखरा र काठमाडौँका प्रतिष्ठित व्यवसायीको लगानी रहेको अन्नपूर्ण केवलकारको लगानी दुई अर्ब रुपैयाँ लागत पुगेको अन्नपूर्ण केबलकार प्रालिका सञ्चालक एवं निर्देशक तीर्थराज त्रिपाठीले जानकारी दिए । शुरुमा एक अर्ब ३० करोडको लागत अनुमान गरिए पनि कोभिड १९ को संक्रमणकालिन समय र विभिन्न संरचनाहरुले गर्दा लागत बढेको बताईन्छ।

कम्पनीमा स्थानीयवासीबाट २५ प्रतिशत र विभिन्न व्यवसायीबाट ७५ प्रतिशत लगानी गरिएको छ।

## सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीश श्रेष्ठविरुद्ध उजुरी आह्वान


**रासस**
**काठमाडौं, ३० फागुन**

संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्तावित तिलप्रसाद श्रेष्ठ विरुद्ध मङ्गलबारदेखि लागू हुनेगरी १० दिनभित्र उजुरी दिन आह्वान गरेको छ।

सिंहदरबारस्थित सोमबार बसेको समितिको बैठकले सो उजुरी दिन आह्वान गरेको हो ।

समितिका सभापति लक्ष्मणलाल कर्णले संसदीय सुनुवाइको कार्यविधिअनुसार १० दिनको सूचना जारी गर्ने निर्णय गरेको र १० दिनपछि समितिको बैठकमा सुनुवाइको काम प्रारम्भ हुने जानकारी दिनुभयो ।

न्यायपरिषद्ले यही फागुन २६ गते विराटनगरका उच्च अदालतका मुख्य न्यायाधीश श्रेष्ठलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गर्ने निर्णय गरेको थियो ।

# गीतकार तीर्थ श्रेष्ठको एकल गीत वाचन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**



गीतकार तीर्थ श्रेष्ठको एकल गीत वाचन पोखरामा हुने भएको छ। गीतकार प्रतिष्ठान, नेपालको आयोजनामा आगामी चैत ५ गते शनिबार, दिउँसो १ बजे पोखरा उद्योग वाणिज्य सङ्घको अमृत कक्षमा हुने गीत वाचनमा गण्डकी प्रज्ञा-प्रतिष्ठानले सहकार्य गर्ने भएको छ।

कवि तथा संस्कृतिकर्मीका रूपमा परिचित श्रेष्ठको 'मेरै हिमाल जस्तो' गीतसङ्ग्रह प्रकाशित छ । उनका आमा..., मेरै हिमाल जस्तो..., हिउँमा लेखिएका नाउँहरू..., पाइला पाइला काँडा टेकेँ... लगायतका गीतहरू चर्चित छन् । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका संस्थापक सदस्य सचिवसमेत रहेका श्रेष्ठका तीर्थ श्रेष्ठका कविताहरू, पाइलाका निबहरूले, जिन्दगीको कुरुक्षेत्रबाट, महाभारतको गीत, जिन्दगीको गोधूलिमा, धर्सैधर्साको चक्रव्यूहलगायतका कृतिहरू प्रकाशित छन् । कार्यक्रममा गीतकार श्रेष्ठले करिब २ दर्जन गीत वाचन गरेर सुनाउने छन् ।

गीत गेय विधा भए पनि यसलाई वाचन र पठन गर्न पनि सकिन्छ भन्ने प्रमाणित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका अध्यक्ष हरिहर खनियाले जानकारी दिए । गीतको वास्तविक सर्जक गीतकार सधैँ छायामा पर्ने गरेको तितो यथार्थलाई दुरुत्साहन गर्दै गीतकारलाई विभिन्न माध्यमबाट स्थापित गर्ने प्रयत्नमा संस्था लागिपर्ने अध्यक्ष खनियाको भनाइ छ । संस्था स्थापनाको पहिलो वार्षिकोत्सवका सन्दर्भमा प्रतिष्ठानले नेपाली गीति परम्परामा नौलो खालको कार्यक्रम आयोजना गरेको सचिव अनुराग अधिकारीले बताए । उनका अनुसार वि. सं. २०७७ चैत ६ गते जिल्ला प्रशासन कार्यालय, कास्कीमा प्रतिष्ठान दर्ता भएको थियो ।

आगामी दिनमा पनि गीत-सङ्गीतको उत्थान र गीतकारको हकहितका लागि संस्थाले विभिन्न अभियानहरू सञ्चालन गर्ने तयारीमा रहेको सचिव अधिकारीले जानकारी दिए।

# काँग्रेसको जागरण अभियान गाउँगाउँसम्म पुर्‍याउन पत्रकारको भूमिका महत्वपूर्ण : सिवाकोटी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**



नेपाली काँग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले काँग्रेसको जागरण अभियानलाई गाउँ गाउँसम्म पुर्‍याउन पत्रकारको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

नेपाली प्रेस युनियन कास्कीले सोमबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै सिवाकोटीले प्रविधिको प्रयोगसँगै संचार क्षेत्रलाई पार्टीले सँगसँगै लैजानुपर्ने बताए ।

युनियनका निवर्तमान महासचिव समेत रहेका सिवाकोटीले युनियनको महाधिवेशन घोषणा भइसकेकोले पार्टीको नियम, कानुन र परिधिमा रहेर काम गर्नुपर्ने बताए । उनले पार्टीले एमसिसीसँगै बिआरआई पनि काँग्रेसलेस्वीकार्नेबताए।कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले पत्रकारिताको मर्मका आधारमा कलम चलाउनुपर्ने बताए। उनले काँग्रेसलाई समर्थन गर्छु भन्दैमा काँग्रेसकै पक्षमा लेख्नुपर्छभन्ने छैन,पत्रकारिताको आचारसंहिता जे होसोहीअनुसार कलम चलाउनुपर्ने सुझाव दिए ।

युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा काँग्रेस कास्कीका जिल्ला सचिव भानु ढकाल, सहसचिव शंकर ढुंगाना, युनियनका सल्लाहकार गंगाधर पराजुली, राजबहादुर गुरुङ, शिरोमणि बराल, पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिमिल्सना पगेनी, पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, युनियनका केन्द्रीय सदस्य टंकराज अधिकारी, अर्का केन्द्रीय सदस्य ऋषिकान्त पौडेल, युनियन कास्की सचिव प्रदीप पौडेल, पत्रकार बासुदेव मिश्र, कमल पौडेल अथक, विजय लम्साल,हरि पन्त लगायतले बोलेका थिए ।

# स्तन तथा पाठेघर मुखको क्यान्सर शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**

पोखरा महानगरपालिका-११ रानीपौवामा महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी निः शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ ।

मार्गदर्शन महिला समूहद्वारा आयोजित सो शिविर गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाको आर्थिक सहयोग गर्नुभएको थियो । उहाँले प्रदेशसभा सदस्य भएदेखिनै आफूले पाउने तलब, भत्ताबापतको रकम विभिन्न सामाजिक कार्यमा खर्च गर्दै आउनुभएको छ ।

शिविरको शुभारम्भ गर्दै मन्त्री थापाले प्रदेश सरकारले समेत क्यान्सर तथा पाठेघर मुखको क्यान्सरबाट पीडित महिलालाई उपचारका लागि सहयोग गर्दै आएको जानकारी दिनुभयो ।

त्यस्ता बिरामीलाई सङ्घीय सरकारले रु एक लाख र प्रदेश सरकारले रु ५० हजार उपचारार्थ उपलब्ध गराउँदै आएको छ । शिविरमा गण्डकी मेडिकल कलेजका स्त्रीरोग विशेषज्ञ डा अनु हीराचनसहितको स्वास्थ्यकर्मीको टोलीले १६१ महिलाको स्वास्थ्य परीक्षण गरेको थियो ।

सो अवसरमा १० महिलाको थप उपचार गर्नुपर्ने देखिएकाले अस्पतालमा सिफारिस गरिएको कार्यक्रम संयोजक अंशु शेर्पाले जानकारी दिनुभयो । कार्यक्रममा आवश्यक औषधि पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाले उपलब्ध गराएको शाखा प्रमुख सविना श्रेष्ठले जानकारी दिनुभयो । पोखरा महानगरपालिका-११ का वडाध्यक्ष मोहन बास्तोलाले मार्गदर्शन महिला समूह समाजका लागि एक उदाहरण बनेको उल्लेख गर्दै शिविरबाट समाजका विपन्न एवं असहाय वर्गले बढी फाईदा लिने गरेको बताउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस पोखरा महानगरपालिका-११ का सभापति हरिप्रसाद बास्तोला र स्थानीय समाजसेवी प्रेम कर्माचार्यलगायतले क्यान्सर रोग र शिविरको महत्व माथि प्रकाश पार्नुभएको थियो ।

# काँग्रेस कास्की क्षेत्र २ (ख) कोषाध्यक्ष र सदस्य मनोनयन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**

नेपाली काँग्रेस कास्की क्षेत्र नम्बर २ (ख) को बैठकले कोषाध्यक्ष तथा सदस्य मनोनयन गरेको छ ।

क्षेत्रीय सभापति दीपेन्द्र मर्सानीको अध्यक्षतामा सोमबार बसेको बैठकले काँग्रेस कास्की क्षेत्र नम्बर २ (ख) कोषाध्यक्षमा कल्पना बराल सापकोटा र सदस्यमा गोमा सुवेदी, सरोज कुँवर, बालगोपाल श्रेष्ठलाई चयन गरेको हो ।

साथै सो बैठकले कार्य सम्पादन समिति गठन गरेको क्षेत्रीय सचिव सुवर्ण केसीले जानकारी दिए। समितिको संगठन विभाग प्रमुखमा प्रदेश (ख) का उपसभापतिमा सरिता पराजुली, नेपाल महिला संघमा मञ्जुश्री थापा, तरुण दल नेपालमा लेखबहादुर केसी, नेविसंघतर्फ सिरशकुमार बास्तोला, भूतपूर्व सैनिक संघतर्फ सुवर्ण केसी, मुस्लिम संघतर्फ अब्दुल मजित मियाँ, राष्ट्रिय लोकतान्त्रिक अपांग संघतर्फ लालुमाया शर्मा, नेपाल प्रजातन्त्र सेनानी संघमा होमबहादुर बानियाँलाई चयन गरियो ।

पार्टीको जागरण अभियानलाई सफल बनाउन इकाइ सभापतिको समन्वयमा टोलटोलमा घुम्ती बैठक गर्ने जनाइएको छ ।

# वडा-८ स्तरिय वडाध्यक्ष कप व्याडमिण्टन प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**




पोखरा महानगरपालिका वडा नम्बर ८ को आयोजना तथा युनिक व्याडमिण्टन क्लवको संयोजनामा सोमबारदेखि पोखरामा वडा ८ स्तरिय वडाध्यक्ष कप व्याडमिण्टन प्रतियोगिता शुरु भएको छ ।

पोखरा महानगरपालिकाका उप-मेयर मञ्जुदेवी गुरुङ्गले एक समारोहका विच प्रतियोगिताको उद्घाटन गर्नुभएको हो । सो अवसरमा उहाँले महानगरले स्वास्थ्य नागरिक उत्पादनका लागि खेलकुदलाई प्राथमिकतामा राखेको औल्याउनुभयो । स्वाथ्य र अनुशासित समाज निर्माणका लागि खेलकुद महत्वपूर्ण हुने उहाँको भनाई थियो । त्यस्तै, महानगरका प्रवक्ता धनबहादुर नेपालीले आपसमा भाइचारा सम्बन्ध प्रगाढ पार्न खेलकुद माध्यम बन्ने बताउनुभयो ।

वडाध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा भएको उद्घाटन समारोहमा प्रतियोगिता संयोजक कृष्णमान ठूसाजु, युनिक व्याडमिण्टन क्लवका अध्यक्ष युक्तबहादुर गुरुङ्ग लगायतले प्रतियोगिताका बारेमा बोल्नुभएको थियो । वडा सचिव सविता ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

सृजनाचोकस्थित बराल समाज घरभित्रको व्याडमिण्टन कोर्टमा आयोजित प्रतियोगिताको उद्घाटन खेलमा वडाध्यक्ष रुद्रनाथ बराल र श्रीराम घिमिरेको जोडीले सरोज श्रेष्ठ र लेखनाथ न्यौपानेको जोडीमाथि जित हाँसिल गर्दै विजयी शुरुवात गरेको थियो ।

प्रतियोगितामा ओपनतर्फ नविन गुरुङ्ग र पिटर गुरुङ्गको जोडीले जगन घले र देवेन्द्र गुरुङ्गको जोडीलाई तथा सुरेस तामाङ्ग र नारायण रानामगरको जोडीले दिपक लामिछाने र रामचन्द्र रामदासको जोडीलाई पराजित गर्दै फाइनलमा स्थान बनाएका छन् । भेट्रान्सतर्फ सूर्य अधिकारी र काशि शर्माको जोडीले रविन धमला र गोविन्द बरालको जोडीलाई तथा विवेक सुवेदी र फुर्वा छिरिङ्ग गुरुङ्गको जोडीले जितबहादुर कुँवर र जसबहादुर गुरुङ्गको जोडीलाई पराजित गर्दै फाइनलमा प्रवेश गरे । मंगलबार विहान प्रतियोगिताको फाइनल खेल हुने आयोजक वडाका सदस्य किरण गौतमले जानकारी दिनुभएको छ ।

# काँग्रेस कास्की क्षेत्र नम्बर १ ले चैत्र १२ गते आमसभा गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० फागुन**

नेपाली काँग्रेस कास्की क्षेत्र नम्बर १को बैठकले कोषाध्यक्ष तथा सदस्य मनोनयन गरेको छ ।

क्षेत्रीय सभापति राजेन्द्रमणि लामीछानेको अध्यक्षतामा सोमबार बसेको बैठकले काँग्रेस कास्की क्षेत्र नम्बर १ कोषाध्यक्षमा अमर वहादुर केसि र क्षेत्रीय सदस्यमा बिश्णु प्रदाद शर्मा, राजेश्याम कोईराला डिलमाया गुरुङलाई मनोनयन गरेको छ ।

बैठकले क्षेत्रीय सभापति राजेन्द्रमणि लामीछानेको अध्यक्ष १५ सदस्यीय कार्यसम्पादन समिती समेत गठन गरेको क्षेत्रीय सचिव सरोज केसिले जानकारी दिए । बैठकले क्षेत्रीय पदाधीकारी सहित र अन्य सात सदस्य लाई कार्यसम्पादन समितीमा मनोनयन गरेको छ । सदस्यहरुमा सन्तोष तिवारी, सन बहादुर गुरुङ, मोती कुमार क्षेष्ठ, गणेश बिक, भोजराज ओझा, विष्णु प्रसाद शर्मा र डिलमाया गुरुङलाई रहेका छन ।

कास्की क्षेत्र नम्बर १ मातहतका ३० बटा वडा कार्यसमिती कार्यालय र २ ओटा गाँउपालिका कार्यलयलाई चैत्र ५ गते एकै दिन स्थापना गर्ने निर्णय गरेको केसिले वताए ।पार्टीको जागरण अभियानलाई सफल बनाउन चैत्र १२ आमसभ गर्ने निर्णय समेत गरेको सचिव केसिले वताए । बैठकमा महानगरका उपसभापती प्रयाग राज भण्डारी, क्षेत्री उपसभापती द्धय कृष्ण कोईराला, दुर्गा सुवेदी सचिव द्धय सरोज केसि, ओम प्रकास गुरुङ, काग्रेस रुपा गाँउपालीका अध्यक्ष बिमल बाबु न्योपाने र मादि गाँउपालीका अध्यक्ष यम बहादुर गुरुङ सहित ३० ओटै ईकाई सभापतीहरुले पार्टीको जागरण अभियान र निर्वाचनलाई लाई सफल बनाउन लाग्ने बताए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।
-ग्लेडस्टोन

## सम्पादकीय

# उपभोक्ता अदालत स्थापना गर

विश्व विद्यालय र कलेजमा मात्र पढाई हुने उपभोक्ता अधिकारका कुरा व्यवहारमा आउन सकेका थिएनन् । एकेडेमिक बौद्धिक बहसका कुरालाई सन् १९६२ मार्च १५ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीको 'कस्टमर बिल अफ राइट्स' अमेरिकी सिनेटमा पारित भएपछि विश्वमा उपभोक्ता अधिकारले मान्यता पायो । यद्यपि विकसित मुलुकले मात्र उपभोक्ता अधिकारको सम्मान गरेका र अविकसित र विकासोन्मुख मुलुकले नस्वीकार्दा १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसंघले अनुबन्ध नै पारित गरी सदस्य राष्ट्रलाई दबाब दियो । तत्पश्चात् राष्ट्रसंघका सबै सदस्य राष्ट्रले उपभोक्ताका हितमा ऐन नियम बनाएर लागू गरे । यसै क्रममा नेपालमा पनि २०५४ सालमा उपभोक्ता संरक्षण ऐन जारी भई लागू भयो । हाल उक्त उपभोक्ता संरक्षण ऐन मौलिक कानुनका रूपमा संशोधन र परिमार्जन भई लागू भएको छ ।

विश्वमा मार्च १५ मा विश्व उपभोक्ता अधिकार दिवस मनाउने चलन छ । नेपालमा पनि राष्ट्रिय नारासहित दिवस मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय नारा Fair Digital Finance भन्ने रहेको छ । नेपालमा उपभोक्ता अधिकारकर्मीहरु सुरक्षित र समावेशी विद्युतीय कारोबार : उपभोक्ताको अधिकार भन्ने नाराका साथ मनाउँदै छन । उपभोक्ताका संवैधानिक र कानुनी अधिकारका बारेमा पैरवी गर्ने दिन पनि हो । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैँ सचेत हुनुपर्दछ । दोस्रो, उपभोक्तालाई सचेत र जागरूक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा बिक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा बिक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् । चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ । यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ ।

संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ । मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् ।संघ,प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य छैन । बजारमा चरम दण्डहीनता छ कार्वाही भएको छैन । संघ, प्रदेश र स्थानीय सरकारले कानुन कार्यान्वयन गर्न पूर्णकालीन दक्ष जनशक्ति नियुक्ति भएन । श्रोतको परिचालन हुन नसकेका कारण राज्यले उपभोक्ताको अधिकारमाथि खेलवाड गरेको छाउपभोक्ता मैत्री बजार छैन उपभोक्ता लुटेको बजार बनेको छ । उपभोक्तालाई पर्ने मर्का सुन्ने उपभोक्ता अदालत गठनको लागि सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिएको छासरकारले उपभोक्ता अदालत स्थापना गर्नुपर्छ ।

नेपालमा जति कानुन बनेका छन् तिनको बारेमा जनतालाई जानकारी गराउने र कार्यान्वयन नभएको हुँदा हरेक क्षेत्रमा उपभोक्ता ठगिएका छन् । कानुन बनाएर मात्र हुँदैन त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर सकृयता देखाएमा उपभोक्ताको हितमा सरकारले काम गरेको छ भन्ने अनुभूति हुनेछ । संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ ।

# जजिरा एयरवेजले नियमित उडान गर्ने

रासस
काठमाडौं, ३० फागुन

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कुवेतको जजिरा एयरवेजले पहिलो व्यावसायिक उडान भर्ने भएको छ । जजिराले आगामी जेठ २ गते (बुद्ध जयन्ती) देखि नियमित उडान गर्नेगरी नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणमा निवेदन दिएको छ । प्राधिकरणका उपमहानिर्देशक देवचन्द्रलाल कर्णका अनुसार जजिराले दैनिक एक नियमित उडान गर्नेगरी निवेदन दिएको छ । जजिराले कुवेत-भैरहवा-कुवेत सिधा उडान गर्नेछ । जजिराले हाल काठमाडौंमा समेत नियमित उडान गरिरहेको छ ।

हालै यान्त्रिक परीक्षण उडान 'क्यालिब्रेसन फ्लाइट' सम्पन्न भएको गौतमबुद्ध विमानस्थलमा आगामी वैशाख १ गते नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले परीक्षण उडान गर्नेछ ।

उपमहानिर्देशक कर्णले गौतमबुद्ध विमानस्थलमा वैशाख १ गते परीक्षण उडान भएपछि वैशाख ७ गतेबाट व्यावसायिक अन्तर्राष्ट्रिय उडान खुला गरिने जानकारी दिनुभयो । उहाँले व्यावसायिक उडानका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको पनि बताउनुभयो ।

# मध्यपहाडीको फेरोमा सम्भावना खोज्दै पोउवा संघ

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

पोखरा उद्योग वाणिज्य संघले व्यवसायमा नयाँ सम्भावना तथा साझेदारीको खोजी अभियान अगाडि बढाएको छ ।

संघले विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको अध्ययन-अवलोकन भ्रमणसँगै सो सम्भावनाको खोजी गरेको हो । सो उपक्रममा संघका अध्यक्ष नारायण कोइराला नेतृत्वको प्रतिनिधिमण्डलले पोखराहुँदै स्याङ्जा, लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्यूठान, रोल्पा, रुकुम (पूर्व) बागलुङबाट पर्वत हुँदै पोखरासम्मको फेरो लगाएको छ । संघका अध्यक्ष नारायण कोइरालाका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, त्रिवेणी-कोरला राजमार्ग तथा मध्यपहाडी लोकमार्ग निर्माणपछिको व्यावसायिक सम्भावना र साझेदारीको खोजी सुरु गरेको हो ।

'पोखराको पर्यटन प्रवर्द्धन गर्नु, उद्योग वाणिज्य संघहरुबीच भाइचारा अभिवृद्धि गर्नु तथा व्यवसायमा नयाँ सम्भावनाको खोजी गर्नु अध्ययन अवलोकन भ्रमणको उद्देश्य हो', फागुन २२ देखि २७ गतेसम्मको भ्रमणको समीक्षा गर्दै भने,' पोखरा पर्यटकीयमात्रै नभएर व्यावसायिक केन्द्र बनाउने यो निजी क्षेत्रको अभियान हो ।'

भ्रमणको क्रममा पाल्पा,गुल्मी,दाङ,रोल्पा तथा रुकुम (पूर्व) का उद्योग वाणिज्य संघहरूसँगसहकार्यरसम्भावनाबारे अन्तरक्रियासमेत गरिएको उनले



बताए । सबैजसो अन्तरक्रियाको उपक्रममा व्यवसायीका साझा एजेण्डा, व्यावसायिक साझेदारी तथा नयाँ सम्भावनाहरुको खोजीबारे गहन चर्चा गरिएको उनले जानकारी दिए । सो उपक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष राजु महर्जनले पोखरा-पाल्पा र लुम्बिनीबीच पर्यटन प्रवर्द्धनमा सहकार्य गरिनुपर्नेमा जोड दिए । गुल्मी उद्योग वाणिज्य संघका अध्यक्ष इश्वरीप्रसाद पौडेल, प्यूठानका पूर्वअध्यक्ष राजकुमार कक्षपति तथा दाङका अध्यक्ष टंकसिंह बुढाथोकीले मध्यम तथा साना व्यवसायीहरुले भोगेका समस्याहरुबारे निजी क्षेत्रको एउटै आवाज हुनुपर्नेमा जोड दिए । यसैगरी रोल्पा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य किशोरकुमार आचार्यले महासंघले साना व्यवसायीहरुको हितमा काम गर्न नसकेको स्वीकारे । अध्यक्ष विश्वकुमार चन्दले रोल्पामा पछिल्लो समय व्यवसाय फस्टाउँदै गएको जानकारी दिए । उनले मध्यपहाडी लोकमार्ग निर्माणसँगै रोल्पाको पोखरासँगको व्यापार बिस्तार हुने र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए । रुकुम (पूर्व) उद्योग वाणिज्य संघका अध्यक्ष यज्ञप्रसाद मल्लले मध्यपहाडी लोकमार्ग निर्माणले पोखरासँगको व्यावसायिक सम्बन्ध बढेको र सडक कालोपत्रे हुनासाथ रुकुम पोखराबाट टाढा नहुने धारणा राखे । १८ सय ७९ किलोमिटर लामो मध्यपहाडीले गण्डकी क्षेत्रका गोरखामा ५३,लमजुङमा ४५,कास्कीमा ८२, बागलुङमा १४० गरी कुल ३४५ किलोमिटर दूरी समेट्छ । बागलुङ खण्डमा करिब १० किलोमिटर बाटो छोटिँदा यो दूरी घट्न सक्छ । बागलुङको निसीखोला हुँदै यो राजमार्ग रुकुम पूर्वतिर हानिन्छ । रुकुम पूर्वमा मध्यपहाडीको दूरी १२४ किलोमिटर रहेको छ । मध्यपहाडीका कारण रुकुमबाट काठमाडौं र पोखराको दूरी छोटिएको छ ।

पहिला रुकुम पूर्वका नागरिकहरु तराईहुँदै ३० घण्टा लगाएर काठमाडौं जान्थे अहिले त्यो १४ घण्टामा झरेको छ । रुकुमबाट पोखरा आउन करिब ८ घण्टा लाग्छ । २१० किलोमिटर लामो शहीद मार्ग मध्यपहाडीसँग जोडिँदा रोल्पा,दाङ र प्यूठान पनि पोखराबाट नजिक पर्छ । शहीद मार्ग दाङको घोराहीबाट सुरु भएर रोल्पा हुँदै डोल्पा पुग्छ ।

'पाँचथरबाट सुरु भएर बैतडी पुग्ने मध्यपहाडी र ४३५ मिटर लामो त्रिवेणी- कोरला सडक नाका बनेसँगै पोखरा भन्न ठूलो व्यापारिक केन्द्र बन्ने निश्चित छ',पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले भने,' त्यसैले हामीले अहिलेदेखि नै सम्भावनाको खोजी गरेका हौं ।' उनका अनुसार भ्रमणको क्रममा विभिन्न जिल्लामा उत्पादन हुने वस्तुहरुको बजारीकरण र ब्राण्डिङमा सहकार्यको सहमति पनि बनेको छ । पोखरालाई पर्यटनको राजधानी बनाउँदै यी दुबै बाटा र हवाइ मार्गसमेत प्रयोग गर्नेबारे पनि सहमति बनेको उनले बताए । संघका महासचिव सुरेन्द्रमान विजुक्छेले कोरला नाका निर्माण अगावै यो क्षेत्रबाट निर्यातका सम्भावना भएका वस्तुहरुको पहिचाना गर्नु पनि भ्रमणको उदेश्य भएको बताए । उनले रोल्पा र रुकुम क्षेत्रमा उत्पादन हुने भाँगोदेखि लोक्ता,सिमीदेखि आलुसम्मको बजारीकरणको सम्भावनाबारे छलफल भएको जानकारी दिए ।

'राजमार्ग निर्माणले स्थानीय उत्पादनको बजारीकरणलाई सरल बनाएको छ',उनले भने,' अब स्थानीयका उत्पादनहरु ठूला बजारसम्म आउन समस्या पर्दैन भन्ने जानकारी पनि यो भ्रमणले गराएको छ ।' संघका कोषाध्यक्ष बलराम आचार्यका अनुसार संघको प्रतिनिधिमण्डलले ढोरपाटन क्षेत्रको समेत भ्रमण गरेको थियो ।

# साउदी राजकुमार राजधानीमा

रासस
काठमाडौं, ३० फागुन

साउदी अरब अधिराज्यका विदेशमन्त्री राजकुमार फैसल बिन फरहान अल साउद २३ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नेपालको दुईदिने औपचारिक भ्रमणमा सोमबार साँझ यहाँ आइपुग्नुभएको छ । निजी विमान चढेर श्रीलङ्काबाट आउनुभएका उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा परराष्ट्र सचिव भरतराज पौड्याल, नेपालका लागि साउदी अरबका राजदूत मुसैद सुलेमान एम अल मरवानी, परराष्ट्र मन्त्रालय र यहाँस्थित साउदी अरबको दूतावासका उच्च अधिकारीहरूले स्वागत गर्नुभएको थियो ।

भ्रमणका क्रममा साउदी अरबका विदेशमन्त्री राजकुमार फैसलले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासँग बेग्लाबेग्लै शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम छ । भोलि परराष्ट्रमन्त्री डा नारायण खड्काले आफ्ना साउदी समकक्षीसँग भेटवार्ता गर्नुहुनेछ ।

# राष्ट्रिय महिला क्रिकेट चैत पहिलो हप्ता

रासस
काठमाडौं, ३० फागुन

उन्नाइस वर्षमुनि (यू-१९)को राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता आगामी चैत ६ गतेदेखि सञ्चालन हुने भएको छ ।

धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा हुने उक्त प्रतियोगितामा सात टोली सहभागी हुने नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ । प्रतियोगितामा सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, बागमती, मधेश, गण्डकी प्रदेश र प्रदेश नं १ को सहभागिता रहने छ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र बागमती तथा समूह 'बी' मा मधेश, गण्डकी र प्रदेश १ रहेका छन् । समूहको शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । चैत ११ गतेसम्म चल्ने उक्त प्रतियोगिताको उद्घाटन खेल सुदूरपश्चिम र कर्णालीबीच चैत ६ गते हुनेछ ।

# भालेको डाकसँगै पानी लिन पँधेरामा धाउनुपर्ने अवस्था अन्त्य

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

पश्चिम म्याग्दीका पाँच गाउँमा खानेपानीको समस्या समाधान भएपछि अहिले दैनिकी फेरिएको छ ।

मालिका गाउँपालिकाको विम, देवीस्थान, रुम, मङ्गला गाउँपालिकाको बरङ्जा र अर्मनमा स्थानीय सरकारले खानेपानी आयोजना सञ्चालन गरेपछि यहाँको दैनिक सहज भएको हो । गाउँगाउँमा पानी पुगेपछि अहिले सबेरै खानेपानीकै निम्ति भौतारिनुपर्ने बाध्यताबाट मुक्त भएको वरंजाका इन्द्रबहादुर रोकाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "केही वर्षअघिसम्म हामी खानेपानीको जोहो गर्दैमा दिन बित्थ्यो । भालेको डाकसँगै खानेपानी लिन धारा पधेँरीमा पुग्नुपर्थ्यो तर, अहिले खानेपानीको समस्या टरेको छ । घरमै पानी आउँछ खानेपानीबाट बचेको पानीले करेसाबारीमा तरकारीलाई सिँचाइ गर्दै आएका छौं ।" बस्तीबस्तीमा खानेपानी पुगेसँगै यहाँका स्थानीयवासीको घरको करेसाबारी हरियाली देखिन थालेको छ । आयोजना सञ्चालनपछि खानेपानीको समस्या टर्नुका साथै आफ्नै करेसाबारीमा तरकारी उत्पादन गर्दै आएको अर्मनकी राधिका सापकोटाले बताउनुभयो ।

"पहिले पहिले खानेपानी अभाव हुँदा मानिसलाई पिउने पानी पाउन नै सकस थियो, पशुचौपायालाई त कुरै थिएन तर, अहिले घरमा तरकारी खेती गर्दै आएका छौं । तरकारी किन्नु पर्दैन । खानेपानी आयोजनाले गाउँ नै फेरिएको भनेँ लागेको छ", उहाँले भन्नुभयो । जिल्लाका मध्य भाग र म्याग्दी तथा कालीगण्डकी नदीका तटीय क्षेत्रमा पर्ने गाउँहरू वर्षौंदेखि खानेपानीको समस्याले ग्रसित बन्दै आएका थिए । नागरिकको समस्यालाई समाधानका निम्ति स्थानीय सरकारले चासो दिँदै आएको मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो । पश्चिम म्याग्दीमा खानेपानी आयोजना सञ्चालनभएसँगैयसक्षेत्रकाआठ हजार बढी घर परिवार लाभान्वित बनेका उहाँले जानकारी दिनुभयो ।

जिल्लाका केही स्थानीय तहहरूमा खानेपानीको सहज पहुँच पुगेर स्थानीयको जनजीवन सरल र सहज बनेको भए पनि बेनी नगरपालिकाका अधिकांश वडामा खानेपानीको समस्या विकराल बन्दै गइरहेको स्थानीयले बताएका छन् । बढ्दो जनसङ्ख्या र घट्दो पानीका स्रोतका कारण नगरपालिका क्षेत्रमा खानेपानीको समस्या बढ्दै गइरहेको हो । नगरपालिकाले एक घर एक धाराको अवधारणा लिएको भए पनि पानीको स्रोतको अभावमा योजना प्रभावकारी हुन नसकेको पाइएको छ ।

# आयुर्वेद स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-३ मुनामा सम्पन्न निःशुल्क आयुर्वेद स्वास्थ्य शिविरबाट २३५ लाभान्वित भएका छन् ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा शनिबार शिविर सञ्चालन भएको थियो । एकदिने शिविरबाट ती बिरामीले सेवा लिएका केन्द्रका लेखापाल सुवासचन्द्र पौडेलले जानकारी दिनुभयो । स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा दिइएको उहाँले बताउनुभयो । केन्द्रका निमित्त कार्यालय प्रमुख दामोदर शर्मा, आयुर्वेद चिकित्सक सन्देश अधिकारी, वैद्य निरीक्षक प्रेम गौतम, मुना स्वास्थ्यचौकीका प्रमुख अनिषा आचार्यलगायतको टोलीले सेवा दिएको थियो ।

मुना, मुदी, लुलाङ र ताकमका बासिन्दाले सेवा लिएका थिए । ग्यास्ट्रिक, गानोगोला, कब्जियत, बाथ, नशा च्यापिएको, बाथ, कमलपित्त, पिना, दम, रक्तचाप, मधुमेह, स्त्रीरोग र नशासम्बन्धी समस्या भएकाले सेवा लिएका थिए ।

दुर्गम, ग्रामीण क्षेत्रका सर्वसाधारणलाई स्थानीयस्तरमै सहज र सर्वसुलभ सेवा उपलब्ध गराउने तथा आयुर्वेद उपचारप्रति आकर्षण बढाउने उद्देश्यले शिविरको आयोजनागरिएकोहो।धवलागिरि गाउँपालिकाको समन्वयमा आयोजित शिविरको वडा नं ३ का अध्यक्ष पुर्ने पुनले शुभारम्भ गर्नुभएको थियो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शत्रुको भय | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख स्याङ्जादेखि पोखरासम्म जाँदा २०७८/०९/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नाम: बिनोद के.सी.
विमा लेख नं. १३००५७७७१

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा फोन: ९८५६०५६५६०

# फोटोग्राफर संघ गण्डकीको दुई दिने फोटोग्राफी कार्यशाला

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन




फोटोग्राफर संघ गण्डकीले २ दिने फोटोग्राफी कार्यशाला पर्वतको फलेवास स्थित डहरे देउराली सामुदायीक होमस्टेमा सम्पन्न गरेको छ।

२ दिन सम्म चलेको सो कार्यक्रमा गण्डकी प्रदेशका तराई देखि हिमाल सम्मका, पर्वत, स्याङजा, कास्की, तनहु, लमजुङ र नवलपुरका ३६ जना फोटोग्राफर तथा फोटोपत्रकार हरुले सहभागिता जनाएका थिए । आन्तरिक पर्यटन प्रर्वधनको उद्धेश्य लिएर अलगअलग कार्यक्रम प्रदेशका बेग्लाबेग्लै जिल्लामा आयोजनाा गर्ने संस्थाको उदेश्य अनुरुप यस पटक पर्वतको फलेवास डहरेदेउराली होमस्टेलाई चयन गरिएको संस्थाका सचिव तुलसी राम सुवेदीले बताए। कार्यक्रमको सहजकर्ता फोटोग्राफर संघ गण्डकीका प्रदेश सदस्य तथा फोटोपत्रकार घनश्याम पौडेलले फोटोग्राफी ईतिहांस तथा आधार भुत फोटोग्राफी सिद्धान्तका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रमको मध्य भागमा लेण्डस्क्रेप नेचुरल फोटोग्राफीको ब्यवहारीक ज्ञानका लागि डहरेदेउराली शिव मन्दिर तथा देउराली भ्यू पोईन्टमा प्रयोगात्मक अभ्यासको कार्यक्रम समेत गरिएको थियो। डहरे देउराली को पर्यटकिय तथा धार्मिक बिकासका लागी संस्थागत रुपमा रु ४००० सहयोग गरेमो संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेल ले बताए। प्राकृतीक रुपले अतिनै सुन्दर स्थानका रुपमा डहरे देउरालीलाई महशुस गरेको र पाखाभरी लटरम्भ लालिगुरांस फुलेको नया अनुभुती जिवनमा पहिलो पटक महसुस गरेको फोटोग्राफर संघ गण्डकीका कोषाध्यक्ष जिवन ढुंगानाले बताए।

समापन कार्यक्रमा प्रमुख अतिथिका रुपमा शुभकामना दिदै फलेवास नगरपालिकाका प्रमुख पदमपाणी शर्माले आफ्नो नगरपालिकामा आयोजना गरिएका यस किसीमका कार्यक्रमहरुले हामी सवैको मन जित्न सफल भएको बताए । फोटोग्राफी क्षेत्र भनेको समाजको ऐना रहेको बताउदै उनले हजार शब्द ले बताउन नसक्ने कुरा एउटा तस्बिरले बताईदिने हुंदा डहरेदेउराली जस्ता पर्यटकीय क्षेत्रमा फोटोग्राफी कार्यशाला राख्नु आफैमा गौरवको बिषय रहेको दावी गरे । फोटोग्राफर संघ गण्डकीले फोटोग्राफी आन्दोलनमा गण्डकी प्रदेशभरिका फोटोग्राफरहरु बिचमा आपसी समझदारी र भातृत्वका लागि अलग्गै पहिचान बनाउन सफल रहेको फोटोग्राफर संघ गण्डकीका अध्यक्ष दुर्गा प्रसाद पौडेलले बताए । कार्यक्रममा पोखरा फोटोग्राफर संघका अध्यक्ष जनकराज तिवारी,तनहु फोटोग्राफर संघका अध्यक्ष बलभद्र श्रेष्ठ,लमजुङ फोटोग्राफर संघका अध्यक्ष मिलन शर्मा दनाई,नवलप'र फोटोग्राफर संघका अध्यक्ष किशोर अधिकारी ले आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा स्वागत मन्तव्य सहित फोटोग्राफी कार्यशालाको औचित्यका बारेमा कार्यक्रम संयोजक तथा संस्थाका उपाध्यक्ष नारायण बहादुर केसी ले प्रष्ट पारेका थिए।

संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेलको अध्यक्षतामा संचालित कार्यक्रम संस्थाका सचिव तुलसी राम सुवेदीले संचालन गरेका थिए। कार्यशालामा सहभागि ३६ जना फोटोग्राफरहरुलाई प्रमुख अतिथि शर्माले प्रमाणपत्र पदान गरेका थिए।

# समुदायको मनः हराभरा सामुदायिक वन

-ध्रुबसागर शर्मा
म्याग्दी, ३० फागुन

गाउँमा ग्यास चुलोको प्रयोग बढ्दै र पशुपालन गर्ने किसानको सङ्ख्या घट्दै गएपछि दाउरा स्याउलाको उपयोगमा कमी आउँदा वन जङ्गल फडानी रोकिएको छ।

वनमा दाउरा, घाँस र स्याउला लिन गाउँले जान छोडेपछि म्याग्दीका सामुदायिक वन हराभरा भएका छन् भने वनमा कुकाठ र झाडी विस्तार हुँदै गएको स्थानीयवासीले बताएका छन् । म्याग्दीको बगरफाँट सामुदायिक वन, गौश्वारा सामुदायिक वन, भकिम्ली, अर्मन, बरङ्जालगायत ६४ वटा सामुदायिक वन अहिले हराभरा भएको जिल्ला वन डिभिजन कार्यालय म्याग्दीले जनाएको छ। समुदायस्तरबाट वनको संरक्षण थालिएपछि वनजङ्गलमा वृद्धि हुनुका साथै ग्रामीण रोजगारी र विपन्न समुदायको उत्थानमा सामुदायिक वन उपभोक्ता समूहहरूले महत्वपूर्ण योगदान गर्दै आएको सामुदायिक वन उपभोक्ता महासङ्घ म्याग्दीले जनाएको छ। डेढ दशक अघिसम्म नाङ्गा डाँडा, खोला बगर, सार्वजनिक जग्गा अहिले बाक्लो वनका रुपमा परिणत भएकोमा स्थानीयवासी खुसी भएको बेनी नगरपालिका-२ का खड्गबहादुर थापाले बताउनुभयो । "हामीले संरक्षण गर्ने बेलामा त मरुभूमि जस्तै थियो नि, केही थिएनन् बिरुवापात, अहिले त पस्नै नसक्ने भएको छ वन", बगरफाँट सामुदायिक वनको सुरुको र अहिलेको अवस्थाका बारेमा थापाले भन्नुभयो, "पहिले स्थानीयवासीले गाईवस्तु चराउँदा पूरै रित्तोपाखो थियो । अहिले त्यो सम्झँदा त आफैलाई अचम्म लाग्छ। यत्ति छिट्टै यस्तो घना वन वन्ला भन्ने हामीलाई पनि लागेको थिएन् तर अहिले सबैले आहा, कस्तो राम्रो वन भनेको सुन्दा खुसी लाग्छ।"

विसं २०५४ मा उहाँकै अगुवाइमा संरक्षण थाल्नुअघि बगरफाँट सामुदायिक वनको रित्तो पाखो अहिले यस क्षेत्रकै अब्बल सामुदायिक वनका रुपमा विकास भएको छ । संरक्षणमा समुदायले गरेको योगदानले वन हराभरा र पर्यटकीयस्थलका रुपमा समेत विकसित हुँदै गएको छ । बगरफाँट सामुदायिक वनका अध्यक्ष दिलबहादुर घिमिरेले गाउँलेहरु वन जङ्गलमा जान छोडेका र गाउँमा पक्की घर निर्माण गर्ने क्रम बढेकाले पनि जङ्गल मौलाउने अवसर पाएको बताउनुभयो । "पहिला पहिला सबै वनमा नै निर्भर रहन्थे, घाँस, दाउरा, स्याउला, काठ सबै वनबाट नै ल्याउनुपर्ने हुन्थ्यो, त्यसैले पहिला पातलिएको वन अहिले गाउँलेले फँडानी रोकेपछि मौलाएको हो", उहाँले भन्नुभयो। अध्यक्ष घिमिरेका अनुसार रित्तो पाखो जग्गामा वृक्षरोपण गरी संरक्षण गर्ने हो भने घना वन बनाउन सकिन्छ भन्ने उदाहरण बगरफाँट सामुदायिक वनले प्रस्तुत गरेको छ । उहाँले भन्नुभयो, "मैले वन संरक्षणका लागि आजभन्दा २० वर्ष पहिलेदेखि नै एउटा योजना बनाएको थिएँ, त्यो योजना गाउँलेलाई पचेन तर पछि आफै वनको संरक्षण हुन थाल्यो, अहिले खुसी छु ।"यही अवस्था गौश्वारा सामुदायिक वनको पनि छ। पहिला पहिला रातारात फँडानी हुने वन अहिले हराभरा भएको छ। वनभित्र जङ्गली जनावरको रजगज छ । मानिस वनमा पस्नै डराउने गरेका स्थानीयवासी रत्न बम मल्लले बताउनुभयो । जिल्लाका सबै सामुदायिक वनले चरिचरनमा रोक लगाएका छन् । चरिचरन रोकिनुका साथै घाँस दाउरा गर्न गाउँले जङ्गल पस्न छोडेपछि प्राकृतिक रुपमा नै वन जङ्गल हराभरा हुन थालेका भकिम्लीका श्याम हुमेनले बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घ म्याग्दीका अनुसार जिल्लाका ३०० बढी सामुदायिक वनको अवस्था अहिले सुधार हुँदै गएको छ । सामुदायिक वनको आम्दानीले सामाजिक उत्तरदायित्वमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै जिल्ला वन डिभिजन कार्यालय म्याग्दीका चन्द्रमणि सापकोटाले तीनै तहका सरकार तथा वन पैदावार बिक्री गरेर मनग्य आयआर्जन गर्ने समूहले नर्सरी वनको प्रवर्द्धनमा सहयोग पुर्‍याउनेलाई अनुदानको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । "समुदायमा हस्तान्तरण भएपछि सामुदायिक वनहरू समृद्धिको आधारका रूपमा अघि बढिरहेका छन्", उहाँले भन्नुभयो, "समुदायले संरक्षण गर्न थालेपछि वन क्षेत्र वृद्धि भएको छ, वातावरणीय सन्तुलन गर्न योगदान गरेको छ, गरिबी निवारण, आयआर्जन, नेतृत्व तथा क्षमता विकास, सामाजिक विकास, समावेशी संरचनाजस्ता नमूना कार्यले सामुदायिक वन क्षेत्र समृद्धिको बलियो आधारका रूपमा स्थापित भइरहेका छन् ।"

जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समूहहरूले वनको नजिक र टाढा रहेका सबै उपभोक्तालाई समेट्दै प्राकृतिक स्रोतको समुचित उपयोगमा जोड दिँदै आएको महासङ्घले जनाएको छ । महासङ्घ तथा उपभोक्ता समूहको निर्णायक पदमा महिला, गरिब, विपन्न, आदिवासी जनजाति, अल्पसङ्ख्यक समुदायलाई ५० प्रतिशत सहभागिता सुनिश्चित गरी नेतृत्वमा ल्याउने काम सामुदायिक वनको उत्कृष्ट र सफल अभ्यास रहेको महासङ्घका सचिव ठाकुर भण्डारीले बताउनुभयो।

विगत २०५१ सालदेखि सुरु भएको सामुदायिक वनको अवधारणा अनुरुप हालसम्म सरकारले सात वटै प्रदेशमा २२ हजार २२२ वन समूहलाई हस्तान्तरण गरिसकेको उहाँले बताउनुभयो । देशका कूल सामुदायिक वन समूहमध्ये लगभग ३० प्रतिशत आर्थिक रुपमा कमजोर छन् । कूल वन क्षेत्रको १७ प्रतिशत संरक्षण क्षेत्र बनाउने अन्तर्राष्ट्रिय अभ्यास रहे पनि नेपालमा करिब ४० प्रतिशत वन संरक्षण क्षेत्रको रुपमा छ।

सामुदायिक वन ग्रामीण महिला तथा विपन्न समुदायका लागि आयआर्जनको माध्यम बनिरहेको छ । वनमा आधारित जडिबुटी तथा वनपैदावर विपन्न समुदायको आम्दानीको प्रमुख स्रोत बनेको छ। जिल्लाका अधिकांश सामुदायिक वनमा जडिबुटी र घाँस खेती हुने गरेकाले विशेषगरी महिलाहरूलाई आत्मनिर्भर बनाउन सहज भएको सचिव भण्डारीको भनाइ छ।

# कोरियन भाषा परीक्षाको आवेदन खुल्यो

रासस
काठमाडौं, ३० फागुन

रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरियन भाषा परीक्षाको आवेदन खुला भएको छ । इपिएस कोरिया शाखाले सोमबार सूचना जारी गर्दै भाषा परीक्षाका लागि इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरेको हो।

दक्षिण कोरिया सरकारले सन् २०२२ मा नेपालबाट नौ हजार ६५४ नेपाली रोजगारीका लागि लैजाने छ। तीमध्ये छ हजार ९१३ उत्पादनमूलक र दुई हजार ७४१ कृषि तथा पशुपालनतर्फ लैजाने कोरियाको तयारी छ। कोरियामा श्रमिकको मागका आधारमा नेपाली श्रमिकको छनोट थपघट हुने शाखाले जनाएको छ।

भाषा परीक्षामा सहभागी हुन आगामी चैत १४ देखि २१ गतेसम्म आवदेन फारम भर्न सक्ने शाखाले जनाएको छ । आवेदनफारामhttpsM//eoers.epsnepal.gov.np मार्फत भर्न सकिनेछ । परीक्षामा सहभागीको भाषा परीक्षाका साथै सीप परीक्षण पनि हुनेछ। आवेदन फारम शुल्क अमेरिकी डलर २४ लाग्नेछ । आवेदन दिएकामध्ये कृषि तथा पशुपालन क्षेत्रतर्फको भाषा परीक्षा र सीप परीक्षण आगामी वैशाख २६ देखि जेठ १३ सम्म पहिलो चरण र आगामी जेठ २४ देखि असार १६ गतेसम्म दोस्रो चरणमा हुनेछ । यस्तै उत्पादनमूलक क्षेत्रतर्फको परीक्षा आगामी असार २० देखि भदौ १० सम्म पहिलो चरण र आगामी भदौ १६ देखि असोज २१ गतेसम्म दोस्रो चरणमा हुनेछ । परीक्षा एक दिनमा चार सिफ्टमा सञ्चालन हुने शाखाले जनाएको छ। कृषि तथा पशुपालन क्षेत्रतर्फ पहिलो चरणमा भएको भाषा परीक्षाको नतिजा आगामी जेठ २४ गते र दोस्रो चरणमा भएको परीक्षाको नतिजा आगामी असार २३ गते प्रकाशन हुनेछ । यस्तै उत्पादनमूलक क्षेत्रतर्फ पहिलो चरणमा सम्पन्न भाषा परीक्षाको नतिजा आगामी भदौ १६ गते र असोज २७ गते प्रकाशन हुनेछ।

# नाचगान गरेर शिक्षकलाई तलब भत्ता

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

धौलागिरि गाउँपालिका-१ गुर्जाका बासिन्दाले नाचगान गरेर शिक्षकको तलब भत्ता जुटाउने गरेका छन् ।

जनकल्याण माविका निजी स्रोतका शिक्षकको तलव र तल्लो तहको दरबन्दी भए पनि माथिल्लो तहमा अध्यापन गराउने शिक्षकको भत्ता नाचगान गरेर जुटाउने गरेका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुनराम छन्त्यालले गाउँमा विदेशबाट आउने 'लाहुरे'लाई स्वागत, विवाह, छेवार, गुन्युचोली देखाउने, किरिया, चौरासी पुजामा नाचगान गरेर शिक्षकको तलवभत्ता जुटाउने गरिएको जानकारी दिनुभयो ।

"निजी स्रोतका शिक्षकको तलब भत्ताका लागि वार्षिक रु नौ लाख आवश्यक पर्छ", उहाँले भन्नुभयो, "सो रकम जुटाउन शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले नाचगान गर्छौं ।" विसं २०६८ देखि मावि तह सञ्चालन भएको विद्यालयमा दुई/दुई जना बालशिक्षा सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीसहित १५ जना शिक्षक कर्मचारी छन् । मावि तहमा एक जना पुर्ण र चार आंशिक निजी स्रोतका शिक्षक रहेका प्रअ न्याउली छन्त्यालले बताउनुभयो । "विसं २०७६ सम्म चार जना पूर्ण निजी स्रोतका शिक्षकका लागि वार्षिक रु १४ लाख खर्च जुटाउनु पर्दथ्यो", उहाँले भन्नुभयो, "दुई वर्षदेखि गाउँपालिकाले दुई जना शिक्षकको अनुदान र एक जना दरबन्दी मिलान गरेर पठाएपछि केही सहज भए पनि नाचगान गरेर आर्थिक स्रोत जुटाउनुपर्ने बाध्यता पूर्णरुपमा हटेको छैन ।" नाचगानका अतिरिक्त विद्यालय सञ्चालनका लागि विकास योजनामा काम गरेर ज्यालाबापत पाउने रकमसमेत उपलब्ध गराउने गरिएको शिक्षक अभिभावक सङ्घका अध्यक्ष गोर्खा छन्त्यालले बताउनुभयो । गुर्जामा अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको मात्र बसोबास छ । कक्षा १० सम्मको पठनपाठन हुने विद्यालयमा करिब ३०० विद्यार्थी छन् । सो विद्यालय गुर्जाको एकमात्र विद्यालय हो । गुर्जा भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्छ । छिमेकी वडा लुलाङबाट तीन हजार मिटर उचाइको देउराली धुरी छिचोलेर पूरै दिन हिँडेपछि गुर्जा पुग्न सकिन्छ । सडक यातायातको सुविधा छैन । भौगोलिक विकटताका कारण गाउँ बाहिरका शिक्षक आउन नमान्ने र आए पनि छिट्टै सरुवा भएर जाने समस्या छ।

# फेदीखोलामा पक्की पुल निर्माण

पोखरापत्र संवाददाता
दमौली, ३० फागुन

तनहुँको दुई पालिका जोड्ने फेदीखोलामा पक्की पुल निर्माण सम्पन्न भएको छ । भिमाद नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने फेदीखोलामा पक्की पुल बनेको हो।

भिमाद-५ ऋषिङपाटन र ऋषिङ-८ पल्ट्याङ जोड्ने फेदीखोलामा विसं २०७७ माघदेखि पुल निर्माणको काम सुरु भएको थियो । वर्षायाममा खोला बढेर तर्न गाह्रो हुने ठाउँमा पुल बनेपछि स्थानीयवासी खुसी भएका छन् । पुलको प्रदेशको पूर्वमन्त्री किरण गुरुङले शुभारम्भ गर्दै अब यस भेगका जनताले खोला तरेर जोखिम मोल्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको रु तीन करोड ५८ लाख ३१ हजार नौ सय ८० को लागतमा फेदीखोलामा पुल निर्माण सम्पन्न भएको हो। पुल निर्माणका लागि विसं २०७७ असार २६ गते चितवनस्थित केबिसी बिल्डर्स कम्पनी प्रालिसँग सम्झौता भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ। २५ मिटर लामो पुलको चौडाइ ८.४ मिटर रहेको छ। छ मिटरमा गाडी गुड्ने र दायाँबायाँ १.४/१.४ को पेटी निर्माण भएको छ।

वर्षायाममा मान्छे बगाउने खोलामा पुल निर्माण भएपछि स्थानीयवासीलाई सहज भएको स्थानीयवासी एवं नेकपा एमाले ऋषिङ गाउँ कमिटीका अध्यक्ष गञ्जसिं गुरुङले जानकारी दिनुभो । "हिउँदमा सामान्य भए पनि वर्षायाममा खोला बढेर तर्न एकदमै सकस हुन्छ", उहाँले भन्नुभयो, "फेदीखोलामा पक्की पुल बनेपछि यहाँका स्थानीयवासीलाई अब सहज भयो ।" फेदीखोला हिउँदको समयमा सुके पनि वर्षायाममा निकै ठूलो हुन्छ। खोला बढेको बेला वारपार गर्न सर्वसाधारणले सास्ती खेप्दै आएका छन् । यही खोलाले बगाएर विसं २०७५ जेठमा कक्षा सातमा अध्ययनरत एक बालकको मृत्यु भएको थियो।

ऋषिङका विभिन्न वडाका सर्वसाधारणको प्रमुख व्यापारिक केन्द्र भीमाद बजार हो । उक्त गाउँपालिकाका सर्वसाधारण यही खोला तरेर भीमाद बजार आउने गर्दथे तर पुल बनेपछि अब खोला तर्नुपर्ने बाध्यताको अन्त्य भएको छ। फेदीखोलामा पक्की पुल बनेपछि भएपछि भीमाद र ऋषिङ हजारौं सर्वसाधारण लाभान्वित भएका छन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

जन्म : १९९६/०२/१६ गते



स्वर्गारोहण : २०७८/११/१९ गते

**स्व. रत्नदेवी बाटाजू**

हाम्रा आत्मीय मित्र योगेन्द्र बाटाजूकी ममतामयी माता **रत्नादेवी बाटाजू**को अकल्पनीय एवम् असामयीक दुखद् निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**MAS 2053 BATCH**

| | | | |
|---|---|---|---|
| ओमकार श्रेष्ठ | योगेश शर्मा | सतिन श्रेष्ठ | आनन्द देवकोटा |
| रविन बन्जाडे | रीवाज प्रधान | रोशन गुरुङ | नितु श्रेष्ठ |
| राजु कुँवर | मनोज भण्डारी | चन्द्रमान गुरुङ | नीशा पन्त |
| सविन प्रधान | अनुप शर्मा | सुजन थापा | आस्था पराजुली |
| पृतम कुमार श्रेष्ठ | राजेन्द्र सेन्चुरी | आशिक उदास | सम्झना गुरुङ |
| सन्दिप भट्टचन | विष्णु गुरुङ | रविन पाण्डे | अनुपमा गुरुङ |
| अर्जुन भट्टचन | सरोज रेग्मी | अमित पोखरेल | सजना तझ्या |
| तेज गुरुङ | विश्व गुरुङ | सोनी श्रेष्ठ | निलु गुरुङ |
| विनय पौडेल | मनोज गुरुङ | सुष्मा श्रीवास्तव | विनिता रन्जित |
| | | | शशी गुरुङ |